आज मिति २०८८ कार्तिक २४ गते सोमवारको दिन यस हतिया गाउँपालिकाको बैठक गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाको अध्यक्ष श्री रविमनारायण मानन्धर ज्यूको अध्यक्षतामा आयोजना गरियो जसको उपस्थिति तथा निर्णयहरु तपशिल बमोजिम रहेका छन् ।

उपस्थिति

| दस्तखत | उपस्थितिको नाम, थर | पद, ठेगाना |
|---|---|---|
| [signature] | रविम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| [signature] | मन माया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| [signature] | भिम बहादुर अर्जेल | हतिया १ नं. वडा अध्यक्ष |
| | पर्शुराम तिम्सिना | हतिया - 2 नं. वडाध्यक्ष |
| [signature] | पदम बहादुर अर्याल क्षेत्री | हतिया - ३ नं. वडाध्यक्ष |
| | चिन्ता मणी शर्मा | हतिया - ४ नं. वडाध्यक्ष |
| [signature] | टुण्ड बहादुर राना | हतिया - ५ नं. वडा अध्यक्ष |
| [signature] | नर बहादुर थापा | हतिया - ६ नं. वडा अध्यक्ष |
| [signature] | प्रेम माया थापा | हतिया - ८ नं. वडाध्यक्ष |
| [signature] | हिम माया थापा | हतिया गा.पा. स. |
| [signature] | उर्मिली दर्जी नेपाली | हतिया गा.पा. स. |
| [signature] | रेखा वि.क. | " " |
| [signature] | थाक माया राना | " " |
| [signature] | महेन्द्र गौतम | " " |
| [signature] | सुरज बहादुर नेपाली | " " |
| [signature] | विदुर तिम्सिना | नि. प्र. प्र. अधिकृत |

अन्य आमन्त्रित उपस्थिति

| दस्तखत | उपस्थितिको नाम, थर | पद, ठेगाना |
|---|---|---|
| [signature] | नोल बहादुर थापा | ना.प्र. हतिया गा.पा. |
| [signature] | सन्दिप तिम्सिना | आसिन हतिया गा.पा. |
| | | |

[signature] [signature]

आजको कार्यपालीकामा दर्ता भएका प्रस्तावहरु :

१. चिसापानी ई.प्र.का. घेरा बार सम्बन्धमा,
२. काम्रेघाट देउराली बसुन्धारा ग्रा.स. वडा नं.५ लाई बजेट थप सम्बन्धमा
३. सिलाई कटिङ तालिम सम्बन्धमा -
४. गा.पा. को कार्यालय भवन निर्माण भएको स्थानको जग्गा गा.पा. को नाममा पास गर्ने सम्बन्धमा ।
५. वडा सफाईको लागी रकम विनियोजन सम्बन्धमा ।
६. सडक बोर्ड नेपाल अन्तर्गत सञ्चालन हुने सडक मर्मत सम्भार योजना सम्बन्धमा ।

निर्णयहरु :-

१. प्रस्ताव नं.१ माथी छलफल गर्दा चिसापानी इलाका प्रहरी कार्यालय हाल्लेसि .४ को ईलाका प्रहरी कार्यालय परिसरमा तथा घेरबार को लागी प्राविधिक इस्टिमेट अनुसार जनता सँग अध्ययन कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो - । साथै ३ लाखमा नबढ्ने गरि भुक्तानी दिने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा हल्लेसि-५ नं. वडाको काम्रेघाट देउराली बसुन्धारा ग्रामीण सडकको लागी विनियोजीत रकम अपुग भई बजेट माग भई आएकोले जनता सँग अध्ययन कार्यक्रम शिर्षक बाट उक्त योजनालाई रु १०,००,०००/- अक्षरुपी दशलाख मात्र रकम थप गर्ने निर्णय सर्वसम्मितिले गरियो ।

३. प्रस्ताव नं.३ माथी छलफल गर्दा हल्लेसि गा.पा. वडा नं. ६ मा सिलाई कटिङ सम्बन्धी तालिम सञ्चालन गर्न अध्ययन सँग जनता कार्यक्रम शिर्षकबाट भुक्तानी हुने गरी रु १५०,०००/- अक्षरुपी एक लाख पचासहजार मात्र विनियोजन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा हल्लेसि गा.पा. को प्रशासकिय भवन निर्माण भइरहेको चुलीडाडाको कम्पाउन्ड भित्र पर्ने तपसिलका कित्ताहरु गाँउपालीकाको नाममा नामसारी गर्न साबैं कम्पाउन्ड वरपर रहेका निम्न कित्ताहरु गाँउपालीकाले दान पत्र स्वरुप ग्रहण गर्ने निर्णय गरियो
कित्ता नं.. ३०४, ३०५, ३०६, ३१०, ३१३, ३१४, ३९८ का सम्पूर्ण कित्ताहरुमा आलटेबोल सम्पूर्ण क्षेत्रफल कित्ता काट नगरिकन गाँउपालिकाको नाममा स्वीकार गर्ने सर्वसमितिले निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा वडा नं. ५, ६ र ८ को वडागत बजेटमा वडा सरकार बिर्तकुमा योजना तर्जुमाकोले जनता संग अत्यन्त कार्यक्रम बाट कटौती हुन गएको तपसिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरीयो।

५ नं. वडा को लागी रु. ५०,०००/- (अक्षेरुपी पचासहजार मात्र)
६ नं. वडा को लागी रु. ३,५०,०००/- (अक्षेरुपी तिनलाख पचासहजार मात्र)
८ नं. वडा कोलागी रु. ५,५०,०००/- (अक्षेरुपी पाँचलाख पचासहजार मात्र)

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा सडक बोर्ड नेपाल अन्तर्गत आ.व. २०८१/०८२ को स्वीकृत बजेट यस गाउँपालिकाको नाममा रु ७,००,०००/- (अक्षेरुपी सातलाख मात्र) विनियोजन भई आएकोमा उक्त रकम बाट कात्रेघाट, किटिया, क्यासी, चिउरे त्रिभाइ सडक खण्ड मर्मत सम्भारको कार्य गर्ने निर्णय गरियो। साथै वैकल्पीक योजनाको रुपमा कात्रेघाट देउराली हटिया खण्ड र थबुवार्से लामाडाँडा चिसापानी, चिउरे सडक खण्ड छनौट गरी पठाउने निर्णय गरियो।

माथीका निर्णयहरु गरी आजको बैठक बैठकका अध्यक्ष श्री रविन नारायण मानन्धरज्यूले समापन भएको घोषणा गरियो।